# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, पुस २८ गते २०६५ साल (संख्या ३९

## भाग ५

### नेपाल सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

नेपाल सरकारले अन्तःशुल्क ऐन, २०५८ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, दैलेखका प्रमुखलाई दैलेख जिल्लाको अन्तःशुल्क सम्बन्धी कार्य हेर्ने गरी तोकिएकोमा सो को सट्टा आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जका प्रमुखले दैलेख जिल्लाको अन्तःशुल्क सम्बन्धी कार्य हेर्ने गरी क्षेत्राधिकार तोकेकोले यो सूचना प्रकाशन गरिएको छ

### सूचना २

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी तिलगंगा आँखा केन्द्रको लागि The Fred Hollows Foundation, Australia. बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ८३,५६९.०० (त्रियासी हजार पाँच सय उनान्सत्तरी) मूल्य बराबरको आँखा उपचारमा प्रयोग हुने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामग्रीहरू आयातगर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँको भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर, पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ३

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ को दफा ३ अन्तर्गत जारी आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी तिलगंगा आँखा केन्द्रको लागि The Fred Hollos Foundation, Australia बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर १७,६५५.०० (सत्र हजार छ सय पचपन्न) र भा. रु. ४,३७,५००.०० (चारलाख सैंतिस हजार पाँच सय) तथा Himalayan Cataract Project, USA बाट उपहार स्वरुप प्रदान गरिने यूरो १,४२,०१९.२१ (एक लाख बयालीस हजार उन्नाइस, सेन्ट एक्काईस) र जापानी येन ११,१४,२३०.०० (एघार लाख चौध हजार दुई सय तीस) मूल्य बाराबरको आँखा उपचारमा प्रयोग हुने सामग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँको भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

नेपाल सरकारले आर्थिक ऐन, २०६५ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौंले तपसीलमा उल्लिखित चिकित्सा उपकरणहरू भारत, हङ्गकङ्ग तथा सिङ्गापुरबाट आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँको भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | सामानको नाम | मूल्य |
|---|---|---|
| १ | Pacemakers | USD 68,070।- |
| २ | Medical Heart Valves | USD 203,600।- |
| ३ | PTMC Ballon | USD 111,350।- |
| ४ | Pacemakers | USD 115,000।- |
| ५ | Adult TEE Probe | USD 15,700।- |
| ६ | Oxygenators | USD 226,442।- |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।